# कार्यपालिकाको निर्णय

# प्रमाणित पुस्तिका

## वैठक संख्या - ०७।२०७५-०७६

फेदाप गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

पोक्लावाङ, तेह्रथुम

१ नं. प्रदेश, नेपाल

Contact No:- 9852080500 (Chairperson), 9852080600 (Chief Administrative Officer), 9852080700 (Vice Chairperson)

E-mail:-fedap.ruralmun@gmail.com

Facebook:- http://www.facebook.com/fedap.rural.municipality

Website:- http://www.phedapmun.gov.np

फेदाप गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पोक्लावाङ, तेह्रथुम
१ नं. प्रदेश, नेपाल

अध्यक्षः- ९८५२०८०५००
उपाध्यक्षः-९८५२०८०७००
प्र.प्र.अः- ९८५२०८०६००

यस गाउँ कार्यपालिकाका अध्यक्ष श्री हरी प्रसाद चोङवाङ (लिम्बु) ज्यूको अध्यक्षतामा, कार्यपालिकाका १० जना सदस्यको उपस्थितिमा कार्यपालिकाको वैठक (वैठक संख्या – ०७/२०७५-०७६) मिति २०७५।०७।०७ गते वुधबार गाउँ कार्यपालिकाको कार्यालयमा सम्पन्न भई निम्नानुसारको निर्णय भएको व्यहोरा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८४ को उपदफा १ (ज) को अधिनमा रही प्रमाणित गरेको छु ।

निम्नः

१. **पुनः विज्ञापन प्रकाशित गर्ने संवन्धमा**

कार्यपालिकाको मिति २०७५।०६।०८ को निर्णयानुसार तोकिएका विद्यालयहरुमा सहायक कम्प्युटर अपरेटर नियुक्त गर्नको लागि गठित समितिले आवश्यक सम्पुर्ण प्रकृया पुरा गरी नियुक्तिको लागि सिफारिस गर्दा १३ जना मात्र परीक्षार्थी उर्तीर्ण भई नियुक्ति समेत भइसकेको अवस्थामा वांकी २ वटा विद्यालय श्री ग्राम सुधार मा.वि., जलजले र श्री भञ्ज्याङ आ.वि. जलजलेको रिक्त दरवन्दीमा के कसो गर्ने हो ? आवश्यक व्यवस्थाको लागि कार्यपालिका समक्ष पेश गर्ने भनी उक्त समितिको मिति २०७५।०७।०५ गतेको निर्णयानुसार पेश भएको प्रस्तावको सन्दर्भमा विज्ञापनका सम्पुर्ण मापदण्डहरु मध्ये निरन्तर रुपमा पाँच वर्ष वा सो भन्दा वढी संवन्धित पदमा काम गरेको अनुभव प्राप्त गरेको उम्मेदवारको हकमा उमेर हद कायम नगरी पुनः विज्ञापन गरी नियुक्ति संवन्धि आवश्यक सम्पुर्ण कारवाही अगाडी बढाउन उक्त समितिलाई अधिकार प्रत्यायोजन गर्ने ।

२. **सम्दु र इसिवुमा संचार सुविधाको स्तरोन्नती संवन्धमा**

यस गाउँपालिका अन्तर्गत वार्ड नं. ४ र ५ साविक सम्दु र इसिवु गा.वि.स. संचार सुविधाको पकड भन्दा बाहिर रहेकोले आवश्यक पूर्वाधार लगायत अन्य संरचनाको निर्माण गरी दोहोरो संचारको सुविधालाई सुलभ बनाउन संवन्धित निकायमा पत्राचार गर्ने ।

३. **खोरुङ्गा खोलामा पुल वनाउन माग गर्ने संवन्धमा**

यस गाउँपालिका र म्याङलुङ नगरपालिका जोड्ने खोरुङ्गा खोलामा पक्की पुलको अभावमा स्थानीय नागरिकलाई आवतजावतमा समस्या भएकोले यथाशिघ्र पुल वनाइ आवतजावतमा सहजता सिर्जना गर्न संवन्धित निकायमा यथाशक्य पत्राचार गर्ने ।

४. **आन्तरिक लेखा परीक्षण संवन्धमा**

यस गाउँपालिकाको आ.व. २०७४।०७५ को आन्तरिक लेखा परीक्षण गर्नको लागि यस कार्यालयको आन्तरिक लेखा परीक्षण शाखामा कर्मचारी नभएकोले कोष तथा लेखा नियन्त्रक कार्यालय, तेह्रथुमको च.नं. ५५२ मिति २०७५।०३।०७ को पत्रानुसार उक्त कार्यालय संग अनुरोध गर्ने ।

०७५।७।८

प्रशासकीय अधिकृत